## गुराँस गाउँपालिका सुचना प्रविधी क्षेत्रको प्रगति प्रतिवेदन

### प्रतिबेदन

डिजिटल प्रविधिले धेरै ठूलो फड्को मारिरहेको परिबेसमा नेपाल सरकारले सबै स्थानीय तहलाई डिजिटल प्रविधिसँग जोड्ने काम गरिरहेको छ । त्यसैले स्थानीय तह, कर्मचारी, जनप्रतिनिधि र जनतासमेतलाई प्रविधिमैत्री बनाउनु पर्ने आजको आवश्यकतालाई पूरा गर्नु पर्ने सबैको जिम्मेवारी हो । यसै क्रममा सेवा प्रवाहलाई सहज, सुविधायुक्त, छिटो, छरितो, कम खर्चिलो प्रबिधिको प्रयोगलाई गुणस्तरिय बनाउनु आवश्यक छ ।यहिँ जिम्मेवारीलाई बहन गर्दै गुराँस गाउँपालिकाले यस पालिकालाई डिजिटल पालिका बनाउन बिभिन्न किसिमका प्रयासहरु गर्दै आएको छ।

"सुख, समृद्धिका लागी शासकिय सुधारः हातेमालो गरी फेरौ गुराँसको मुहार" भन्ने स्लोगनलाई साकार पार्नको लागी गुराँस गाउँपालिकाले शुशानका क्षेत्रमा धेरै कार्यहरु गर्दै आएको छ । प्रविधी बिनाको प्रयास अपुर्ण जस्तो देखिने यो वर्तमान परिस्थितिमा गुराँस गाउँपालिका पनी कुनै किसिमले अगाडी बढ्न नसक्ने महसुस गर्दै केहि नया प्राणाली र केही पुराना सन्चालनमा रहेका प्रविधिका प्राणालीहरु निरन्तर प्रयोगमा ल्याउदै आएको छ । यस कर्णाली प्रदेशमा रहेका पालिकाहरु मध्ये यस पालिकाले आफ्नो सिमित श्रोत साधनका बाबजुत पनी धेरै नमुना तथा नया प्रयासहरु गर्दै देश व्यापी रुपमा आफ्नो पहिचान स्थापित गर्दै विभिन्न किसिमका विद्धुतिय शासन प्राणालीलाई प्रयोगमा ल्याएको छ ।साथै विभिन्न देश तथा व्यक्तीहरुले सुचना प्रविधिको प्रयोग गरी आय आर्जन गरिरहेका छन।वर्तमान परिस्थितिमा संसारकै उत्कृष्ट व्याबसायीहरु सुचना प्रविधि प्राणाली अन्तरगतकै पर्दछन्।गुराँस गाउँपालिकाले सुचना प्रविधि प्राणालीका क्षेत्रमा गरेका केही सफल प्रयासहरू निम्नानुसार छन् ।

<u>सूचना प्रविधी क्षेत्रमा भएका कार्यहरु</u>

१. केन्द्रिकृत इ- हाजिरी प्राणाली प्रयोगमा ल्याइएको छ।

२. Online सिफारिस प्राणाली प्रयोगमा ल्याइएको छ।

३. Online योजना व्यवस्थापन प्राणाली प्रयोगमा ल्याइएको छ ।

४.नमस्ते गुरांँस नामक Online सुझाब तथा गुनासो संकलन तथा सम्पादन प्राणाली प्रयोगमा ल्याइएको छ।

५. सरल र सहज Internet को पहुँचको लागी Detail Survey र पालिकाको सम्पुर्ण भुभाग भर Optical Fibre(अप्टिकल फाइवर) सहितको इन्टरनेटको पहुँचको लागी नेपाल टेलिकम संग सम्झौता तथा सहकार्य भएको छ।

६. एकिकृत कार्यालय व्यवस्थापन प्राणालीको सुरुवात गरिएको छ।

७. केन्द्रिकृत SMS गेटवे संनचालन ल्याइएको छ ।

८. वृद्ध, अपाङ्ग परिचय पत्रको लागी जेष्ठ नागरिक मन्त्रालयवाट अपाङ्ग परिचय पत्र प्राणाली सुरुवात ।

९.Online नागरिकता प्राणाली संचालन गर्ने बारे आवश्यक तयारी गर्दै ।

१०. गुरांँस Data centre तथा IT पार्क सन्चालन सम्बन्धी आवश्यक छलफल तथा परामर्श भएको।

११. गुरांँस ISP संचालनको लागी आवश्यक छलफल तथा परामर्श भएको।

१२. Electronic super highway को लागी आवश्यक परामर्श तथा छलफल भएको।

१३. IT Freelancing को लागी आवश्यक वातावरण तयार गर्दै ।

## १. केन्द्रिकृत इ- हाजिरी  प्राणाली ।

- सरकारी निकायमा कार्यरत कर्मचारीहरुको हाजिरी, विदा तथा सो सँग सम्बन्धित प्रतिवेदनहरु केन्द्रिकृत रुपमा व्यवस्थापन गर्न सूचना प्रविधि विभागद्वारा विकास गरिएको केन्द्रिकृत विद्युतीय हाजिरी प्रणाली मिति २०७१/१२/०२ गते बसेको सचिबस्तरीय बैठकमा श्रीमान् मुख्य सचिवज्यूबाट निर्देशन भए अनुरुप प्रयोगमा ल्याइएको छ।
- यस प्रणालीमा संघ र प्रदेशका मन्त्रालयहरु, स्थानिय तह लगायत विभिन्न सरकारी निकायहरु यस प्रणालीमा आबद्ध भई सेवा लिईरहेका छन्।
- गुराँस गाउपालिकाले बि.स. २०८० मा प्रयोगमा ल्याएको र २०८१ श्राबण देखि आफु मातहतका कार्यलय पालिका कार्यालय, सम्पुर्ण वडा कार्यालय, स्वास्थ्य संस्था र सम्पुर्ण विद्धयालय (मावी र आ वी) मा प्रयोगमा ल्याएको छ । हाल पालिकाका ४० वटा कार्यालयमा यो प्राणालि प्रयोगमा छ ।

## २. **Online सिफारिस प्राणाली ।**

यस सिफारिस प्राणाली वाट वडा कार्यालयबाट हुने सम्पुर्ण सिफारिसहरु Online प्रविष्टि गरिन्छ। जस्तै जन्म दर्ता, नागरिकता र अन्य चलन चल्तिका विभिन्न किसिमका सिफारिसहरु पर्दछन  ।यो पालिकाले आफ्नै लागानिमा गरेको हो। र यसलाई राष्ट्रिय प्राणालीमा लिनु पर्ने आवश्यक देखिन्छ ।हाल सम्म १५०६ सिफारिस भएका छन ।

## ३. **Online योजना व्यवस्थापन प्राणाली ।**

यस Online योजना व्यवस्थापन प्राणाली वाट पालिका कार्यालयबाट हुने सम्पुर्ण योजनाहरु Online प्रविष्टि गरिन्छ। पालिकाका सम्पुर्ण योजनाहरु यस प्राणालिमा प्रविष्टी गरिन्छ।यो पालिकाले आफ्नै लागानिमा गरेको हो।यो प्राणाली वि.स. २०८० देखी संचालनमा रहेको छ । जस्तै उपभोक्ता समिति, बिषयगत शाखा, कोटेसन, टेन्डर सम्बन्धी र अन्य आवश्यकतानुसार।

## ४.नमस्ते गुराँस नामक Online सुझाब तथा गुनासो संकलन तथा सम्पादन प्राणाली ।

नमस्ते गुराँस नामक प्राणाली संविधान दिवसको अवसर पारी वि स २०८१ असोज ३ गते कर्णाली प्रदेशका मुख्यमन्त्री माननिय यामला कंडेलद्वारा उद्घाटन गरिएको थियो ।गुनासो तथा सुझाव संकलनको लागि गुराँस गाउँपालिकाले तयार गरेको नमस्ते गुराँस नामक प्राणाली कर्णाली प्रदेशमा यो पाहिलो पालिकाद्वारा संचालित प्राणाली हो ।यसमा विभिन्न किसिमका सुझाव तथा गुनासो संकलन गरि सोहि बमोजिमको कार्य सम्पादन गरिन्छ ।हाल सम्म ३८ वटा गुनासो तथा सुझाब संकलन भएको छ र जस मध्य २८ फछ्यौंट भएका छन।

५. सरल र सहज Internet को पहुँचको लागी Detail Survey र पालिकाको सम्पुर्ण भुभाग भर Optical Fibre सहितको इन्टरनेटको पहुँचको लागी नेपाल टेलिकम संग सम्झौता तथा सहकार्य गरेको छ ।घरघरमा Internet हातहातमा Technology भन्ने उद्धेश्य लिइ पालिकाले गुराँसमा रहेका सम्पुर्ण बस्तिस्तरमा रहेका ४१०० बढी घरधुरिमा Internet तथा Telephone सेवा पुर्याउन खोजेको हो ।हाल survey काम सकी Optical Fibre बिस्तारको काम सुरु भएको छ ।आ व २र०८२ भित्रै सम्पुर्ण बस्तिस्तरमा पुर्याउने लक्ष्य लिएको छ ।

## ६. एकिकृत कार्यालय व्यवस्थापन प्राणालीको सुरुवात ।

सरकारी निकायबाट सम्पादन हुने कार्यहरुलाई एउटै सूचना प्रविधि प्रणाली मार्फत सरल, सहज, छिटो, छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी रुपमा सम्पादन गरी कागजरहित सरकारको अवधारणालाई कार्यान्वयन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले डिजिटल नेपाल फ्रेमवर्कको एक पहलका रुपमा सूचना प्रविधि विभागद्वारा विकास गरिएको एकिकृत कार्यालय व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइएको हो ।यो प्राणाली गुराँस गाउँपालिकाले कर्णाली प्रदेशका स्थानिय तहहरूमध्ये पहिलो मिति २०८१।१०।०६ गते प्राप्त गरी मिति २०८२।०१।२९ गते नेपाल सरकारका सूचना तथा संय्चार मन्त्री माननिय पृथ्वी सुब्बा गुरुङ्गले उद्धघाटन गर्नुभएको थियो।
यो प्रणाली प्रयोग गरि सरकारी निकायहरुले

१.विद्युतीय माध्यमबाट तोक आदेश तथा टिप्पणी निर्णय
२. चिठीपत्रको दर्ता तथा चलानी
३. सम्पर्क व्यवस्थापन
४. पत्रको खाका,
५. संगठन प्रोफाइलिङ्ग,
६.हाजिरी बिदा र काज स्वीकृत, अभिलेख व्यवस्थापन लगायतका कार्य गर्न सक्नेछन् । सरकारी निकायले यस प्रणाली मार्फत उल्लेखित कार्य सम्पादन गर्दा विद्युतीय हस्ताक्षर प्रयोग गर्न सक्छन् ।

यस प्रणालीको व्यवस्थित सञ्चालनका लागि नेपाल सरकार (मन्त्रीपरिषद)बाट "सरकारी निकाय सञ्चालन सम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका, २०७८" स्वीकृती भई मिति २०७९/०१/०५ गते राजपत्रमा प्रकाशित पश्चात कार्यान्वयनको अवस्थामा छ। मिति २०८१ माघ ६ गतेबाट DOIT बाट अनुमती लगी प्रयोगमा लिईसकेको यो प्राणालिको आधिकारिक उद्घघाटन मिति २०८२ बैशाख २९ गते नेपाल सरकारका सुचना तथा संचार मन्त्री माननिय पृथ्वी सुव्वा गुरुङ्ग द्वारा उद्दघाटन गरिने छ ।

**७. केन्द्रिकृत SMS गेटवे संञ्चालन ।**

सरकारी निकायहरुले न्युनतम शुल्कमा नागरिक तथा कर्मचारीसँग प्रभावकारी सञ्चार ((विभिन्न कार्यक्रम सम्बन्धी सूचनाहरु, भुक्तानी तथा सन्देशहरुको जानकारी समयमा पठाउन तथा प्राप्त गर्न) का लागि निर्माण भएको एकीकृत एसएमएस गेटवे (SMS Gateway) मिति २०७८।०९।०७ मा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्की ज्यूबाट शुभारम्भ भएको हो।

यस प्रणालीमा विभिन्न दुरसञ्चार सेवा प्रदायक कम्पनीहरु भिपिएन कनेक्टिभिटी र सर्भरको ब्यवस्थापन सबै सरकारी निकायले छुट्टाछुट्टै गर्नुको सट्टा यस विभागले मात्र गर्नेछ भने सरकारी निकायले प्रयोग गर्ने प्रति एस एम एस शुल्क समेत न्यूनतम कायम हुनेछ।

८. वृद्ध, अपाङ्ग परिचय पत्रको लागी जेष्ठ नागरिक मन्त्रालयवाट अपाङ्ग परिचय पत्र प्राणाली सुरुवात ।

भावी रणनितिहरु

१.Online नागरिकता प्राणाली संचालन गर्ने ।

२. कर्णाली प्रदेशमै पहिलो गुराँस Data centre तथा IT पार्क सन्चालन सम्बन्धी आवश्यक आधारभुत पुर्वाधार तयार गर्ने ।

३.Digital Profiling र दैनिक हुने सेवा प्रवाहका कार्यहरु घरवाटै लिन सक्ने प्राणालीको विकास गर्नु पर्ने ।

जस्तैः बिभिन्न किसिमका कर तिर्ने प्रणाली, विभिन्न किसिमका सिफारिस तथा पत्रको लागी घरबाटै आवेदन गर्न मिल्ने प्रणाली, र data security उचित प्रवन्ध सहित, data storage को लागी Cloud Space उपलब्ध गराउनुपर्ने ।

४. सबै सेवाहरु one door प्रणालीबाट प्रवाह गर्ने र पुर्ण Data security सहित तयार गर्ने ।

५.गुराँस Data centre तथा IT पार्क सन्चालनका लागी आवश्यक आधारभुत पुर्वाधार र सूचना प्रविधि विद्यालय संञ्चालन गर्न मन्त्रालयबाट आवश्यक आधारभुत पुर्वाधार तयार गर्ने

६. Internet को सहज पहुँचको गुराँस ISP संचालन तथा Optical fibre बिसतारको लागी आधारभुत पुर्वाधार तयार गर्ने ।

७. Electronic super highway को लागी आवश्यक आधारभुत पुर्वाधार तयार गर्ने

८. IT Freelancing को लागी आवश्यक वातावरण तयार गर्न आधारभुत पुर्वाधार तयार गर्ने

९.Paperless and Presentless प्राणाली तयार गर्न आवश्यक आधारभुत पुर्वाधार तयार गर्ने ।

१०. E learning, E- library , कम्प्युटर शिक्षक,श्रव्य दृष्य सामाग्री र डिजिटल विद्यालय निर्माण गर्न आवश्यक आधारभुत पुर्वाधार तयार गर्ने ।

११. Digital एकिकृत विद्यालयको लागी आवश्यक आधारभुत पुर्वाधार तयार गर्ने ।

१२. E medicine तथा E hospital को योजनालाई सुरु गर्नको लागी आवश्यक आधारभुत पुर्वाधार तयार गर्ने ।

११.सम्पुर्ण विद्यालय र स्वास्थ्य संस्थाको Central and public monitoring गर्ने प्रणाली विकास गर्नुपर्ने ।